# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, माघ ४ गते २०५२ साल (अतिरिक्ताङ्क ३९ (क)


## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी प्रतीतपत्र अनियमित गरी विदेशी मुद्राको अपचलन गरेको सम्बन्धमा भएका अनियमितता बारेमा जाँचबुझ गरी सत्य तथ्य पत्ता लगाई श्री ५ को सरकार समक्ष प्रतिवेदन पेश गर्न देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरू भएको एक जाँचबुझ आयोग गठन गरी आयोगको काम-कर्तव्य र अधिकार तथा कार्यविधि देहाय बमोजिम तोकेको छ ।

क. आयोगको गठनः

१. श्री लवराज शर्मा —अध्यक्ष

२. श्री मधुप्रसाद शर्मा, अधिवक्ता —सदस्य

३. श्री राजनसिंह भण्डारी, व्यवस्थापक, नेपाल राष्ट्र बैंक —सदस्य

४. श्री नुतनराज श्रेष्ठ, का.मु. महानिर्देशक, राजस्व अनुसन्धान विभाग —सदस्य

ख. आयोगको काम, कर्तव्य र अधिकारः

१. बैंकहरूमा प्रतीतपत्र खोली नक्कली कागजातका आधारमा भुक्तानी लिई प्रतीतपत्रमा उल्लेखित सामान पैठारी नगरी विदेशीमुद्राको अपचलन भएका सम्बन्धमा अनियमितता एवं गैर कानूनी कार्यको सम्बन्धमा जाँचबुझ गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. जाँचबुझको सिलसिलामा देखिन आएको अनियमिततासम्बन्धमा तत्काल कार्यरत कुन–कुन व्यक्ति र पदाधिकारीहरूको कुन किसिमको कार्यबाट श्री ५ को सरकारलाई हानी नोक्सानी पुग्न गएको हो र त्यस्तो हानी नोक्शानी पुऱ्याउने व्यक्ति वा पदाधिकारीलाई के कस्तो कार्यबाही हुनु पर्ने हो सम्पूर्ण कुराको ठहर गरी श्री ५ को सरकार समक्ष प्रतिवेदन पेश गर्ने ।

३. यस्तो अवान्छीत क्रियाकलाप रोक्न श्री ५ को सरकारले सुधार गर्नु पर्ने नीति, कानून र कार्यविधिका बारेमा सुझाव पेश गर्ने ।

४. माथी प्रकरण १,२ र ३ बमोजिम जाँचबुझ गर्नको लागि आयोगले जाँचबुझ आयोग ऐन, २०२६ बमोजिमको अधिकार प्रयोग गर्ने ।

ग. आयोगको कार्यविधिः

आयोगको कार्यविधि आयोगले काम शुरू गरेको मितिले ४५ दिनको हुनेछ ।

घ. आयोगको सचिवः

श्री ५ को सरकारले तोकेको उप–सचिवस्तरको अधिकृतले आयोगको सचिव भै काम गर्ने छ ।

आज्ञाले,

रामविनोद भट्टराई

श्री ५ को सरकारको का.मु. सचिव



मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

४५२